# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७९/०८०　　　　　　　　　　　　　　　　１ नं. प्रदेश नेपाल
च.नं.　　　　　　　　　　　　　　　　　　　　　　मितिः २०७९/१०/१५

## सूचना !　　सूचना !　　सूचना !

आ.व.०७९/८० मा शिक्षा क्षेत्रमा नगर सभाबाट बुहारी छात्रावृत्ति शीर्षकमा स्वीकृत निशर्त बजेटबाट सिद्धिचरण नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत तपसिलका आधारहरु पूरा गरेका बुहारी छात्राहरुलाई देहायको आधारमा वार्षिक रु ६,०००/-(छ हजार मात्र) बुहारी छात्रावृत्ति उपलब्ध गराउने भनी नगर शिक्षा समितिको मिति २०७९/०९/२९ गतेको बैठकबाट निर्णय भएकोले इच्छुक विवाहित छात्राहरुलाई छात्रवृत्तिका लागि रितपूर्वक सम्वन्धित विद्यालय मार्फत यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक सत्र २०७९ को अवधिभित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

- प्रचलित कानुन अनुसार उमेर पूरा भई विवाह गरेका सिद्धिचरण नगरक्षेत्र भित्र स्थायी बसोबास गर्ने बुहारी छात्राहरुले आवेदन गर्न पाउने छन् ।
- सिद्धिचरण नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा भर्ना भई शैक्षिक सत्र २०७९ मा नियमित अध्ययनरत भएको हुनुपर्नेछ ।
- नगरपालिकाले प्रकाशन गरेको सूचना अनुसार इच्छुक एवम योग्य बुहारी छात्राहरुले आवश्यक कागजात साथ सम्वन्धित विद्यालय मार्फत नगरपालिकाको शिक्षा शाखामा निवेदन पेश गनुपर्नेछ ।
- आवश्यक कागजातहरु : लिखित निवेदन, आफूले पूरा गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, विद्यालयमा भर्ना गर्दा रजिष्ट्रेशन शुल्क बुझाएको रसिदको प्रतिलिपि (कक्षा ११ र १२ को हकमा), जन्म दर्ता वा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि, भर्ना भई अध्ययनरत कक्षा खुल्ने तथा नियमित अध्ययनरत रहेको व्यहोराको सम्बन्धित विद्यलायको सिफारिस र सम्वन्धित वडाको सिफारिस ।
- पेश हुन आएका कागजातहरु रुजु तथा एकिन गरी सम्बन्धित बुहारी छात्रालाई बैंक खाता मार्फत वा सम्बन्धित विद्यालयको बैंक खाता मार्फत वार्षिक रु ६०००/- (छ हजार मात्र) रकम छात्रावृत्ति वापत निकाशा दिइनेछ ।

<u>**बोधार्थ :**</u>

श्री सूचना तथा प्रविधि शाखा, सिद्धिचरण नगरपालिका :
　　　　　　　　यो सूचना वेभ साइटमा अपलोड गर्नुहुन ।

नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np